BUDDHISM DIGITAL LIBRARY 2567

पुनर्जन्मको आधारमा
आधारित सामाजिक उपन्यास

# अवतार

उपन्यासकार
कल्याणमित्र डीबी गुरुङ

पुनर्जन्मको आधारमा आधारित
सामाजिक उपन्यास

# अवतार

यस उपन्यासमा उल्लेख भएका धट्नाक्रमहरु र पात्राहरु सबै काल्पनिक हुन् । पुनर्जन्मको आधारमा आधारित सामाजिक उपन्यास अवतारको यात्रामा कहिँकतै कसैको जीवनसंग हुबहु मेल खाना गएमा दु:खत संयोग मात्र हुनेछ । कल्याणमित्र ।

# Free Copywite
# Digital Book
# Chapter One
# 15 Pages

पुनर्जन्मको आधारमा आधारित
सामाजिक उपन्यास अवतारको प्रथम परिदृश्य
(कुकौँलिँम्हार)को मूल पान्डुलिपिमा थपघट नगरिकन
बुद्धिजम डिजिटल लाइब्रेरीमा डिजिटल पुस्तकको
रुपमा प्रकाशन गर्न अनुमति दिन्छु ।

उपन्यासकार
कल्याणमित्र डीबी गुरुङ
dhirgurung2020@gmail.com
दिसम्बर ३, २०२३
अमेरिका

# समर्पण

यो उपन्यासको सम्पूर्ण कथाब्यथाहरु
पात्रहरुलाई नै समर्पण गर्न चाहन्छु ।

# १. परिदृश्य एक (कुकौँलिँम्हार):

यो ऐतिहासिक परिदृष्य पाँचौं शताब्दीको मध्य दशकको बसन्त ॠतुको आगमानको पूर्व सन्ध्यमा, बुधबार बिहानीको समय थियो । निलो आकासको फराकिलो छातिमा बादलको बिउ समेत देखिएको थिएन । सूर्यदेवले एक टाँको फट्को मारिसकेको थियो । बर्ग संघर्षको अविराल अभियानमा रातभर बेथितिमा यताउति साइया सुइया गरी चलेको प्रचण्ड हावाको बेगले एक छिन बिश्राम लिएको हुँदा, सूर्यको तापक्रमले बसन्त ॠतुको मलिलो माटोलाई बेस्करी तताउने क्षणिक भए पनि एकलौटि अवसर पाएको थियो । यिनै खिरिलो घामको न्यानो आनन्द लिदै, कुलपति ज्याँबरु च्यन चोटाको पश्चिमी कुनामा पहेलो बक्खु माथि पलेटी कसेर हुक्काको प्रतिक्षमा बसिरहेको थियो । नियमित रुपमा बिहाना एकसरो हुक्का ताने पछि मात्र मनको तलतल मेटाएर दैनिक काममा निस्कने उनको आफ्नो पुरानो लतनै थियो । त्यसैले, छ्याँउस्योलाई आवाज दिए–

'ए छ्याँउस्यो, तिमी कहाँ के गर्दै छौं हँ ?'

'हैन, एकैछिन पर्खन पनि सक्दैन कि क्या हो ?' म यही भान्सैमा छु । तमाखु तयार गर्न लागेकी क्या ! लौ, लौ, म आइ हाले भन्दा नभन्दै नटखट गर्दै, मगमग मिठो बास्ना आउने तमाखु भरेको बाँसको कालो हुक्का लिएर

छ्याँउस्यो चोटामा आइन् र आफ्नो पतिदेवको बुढ्यौली अवस्था नियाल्न थालिन् ।

ज्याँबरु च्यन आफ्नो समयको कुशल योद्ध, तार्किक, दूरदर्शी, समाजशास्त्री, चिन्तनशील, न्यायावादी र बिकास प्रेमीकासाथै बहुप्रतिभाशाली व्यक्तित्व भएकाले अलिकति महत्वकांक्षी पनि थिए । उनले ओठलाई वारिपारी चलाउँदै पटक पटक चपायो । जटिल परिस्थितिमा ओठ चपाउँनु उनको बिशेषतै थियो । दुइ पटक घुक्क घुक्क गरेर खोक्यो । एक छिन पछि गाँठा गाँठा परेको हरियो खकार मुखमा जम्मा पारेर जोडले फ्याच्च फाल्यो । चोटा मुनि आहराका खोजिमा चरिरहेका एउटा चल्लाले टप्प टिपेर स्वाल्ल निल्न खोज्यो । तर, खकारको आकार ठूलो भएर होला, चल्लाले सजिलै निल्न सकेन । अरु चल्लाहरु पनि त्यही झम्टिन आए । जाबो मान्छेले फालेको हरियो खकारको चौटामा आपासी मारामार, भिडन्त र लडामाति !

छ्या, .... कुखुराको चल्लालाई त्यो हरियो खकार पनि कति मिठो लाग्यो होला ?! मानिसले फालेको तुच्छ फोहोर, कुखुराको लागि पौष्टिक तत्व हुने ? शरीर बिज्ञानको सिद्धान्त पनि कस्तो अचम्मको ? मानिसले फालेको तुच्छ खकार खाएर बिकास भएको कुख्राको मासु पुनः मानिसले नै पौष्टिक आहराको रुपमा उपभोग गर्ने ? प्राकृतिको नियम अनुसार शारीरिक बिकास क्रममा गर्नु पर्ने भरण पोषणको पौष्टिक तत्वहरुको महत्व आवश्यकता र रुचि पनि कस्तो गजबै रहेछ बा ? भन्दै हातमा तमाखु समातेर

छ्याँउस्यो मनमा कुरा खेलाइरहेकी थिइन् ।

'के ट्वाल्ल परेर उभिरहेकि होलीन् ?' हुक्का मलाई दिन ल्याएको कि, तिमी आफै समातेर बस्ने ? यो छ्याँउस्योको ताल देखेर उनलाई झनक्क रिस उठिसकेको थियो । तर, उनले रिस थाम्दै कान्छी श्रीमतीलाई झपार्नुको सट्टा, हुक्काको आशामा नक्कलि ठट्टा गर्दै हाँस्न थाले । उनको हाँसोमा च्याउरिएको पाका छालाहरु गुचमुच्च हुने गरी, एकै ठाउँमा जम्मा भएर पुरानो गन्द्रुकको झाम्टा जस्तै देखिए । तर, हुक्काको लोभमा लोभिएकोले उनलाई यो अवस्थाको कुनै आभास नै भएन । मतलब पनि थिएन ।

चेतनशिल हुँ भनेर हुँकार भर्ने उत्कृष्ट प्राणीले पनि आफ्नो बास्तविक अनुहार देख्न नसक्नुमा, सृष्टि कर्ताले पनि कस्तो नियत राख्यो होला ?! आफैले आफुलाई देख्न नसक्ने कस्तो बिडम्बना हो यो ?! के कारणमा यस्तो बिधानको सृजना भयो ? आफ्नो बास्तबिकता हेर्न पनि ऐनाको सहरा नै लिनु पर्ने ? सत्य अत्यन्तै शुष्म र अदृष्य हुन्छ भन्ने कुरा धार्मिक ग्रन्थहरुले भनेका छन् । किनभने, सत्यको यर्थाथतालाई असत्यले ढाकेको हुन्छ । जसलाई गहिरो अनुभूतिले मात्र अनुभव गर्न सकिन्छ । यिनै कारणहरुबाट प्रत्येक मानिसले अरुलाई आफु भन्दा पृथक र तुच्छ देख्ने गर्दछन् । यहीनिर मानवलाई भ्रमको खेति गराउने ब्रम्हजालको परिपञ्च रचिएको रहेछ । जुन दिन मानिस यो भ्रमबाट मुक्ति हुन्छ, त्यसै क्षण उनले आफ्नो

बास्तविक अनुहारलाई देख्न सक्ने सम्याक दृष्टि प्राप्त हुन्छ । यही कुरा बुद्धले बारम्बार दोहोराउनु भएको थियो । तर, मानिस भ्रमको ब्रम्हजालबाट मुक्ति हुने कहिले ? यो प्रश्नको उत्तर त्यति सरल छैन ।

'लौ लौ, तमाखु तान्नोस्,' छ्याँउस्योले भनिन् ।

बाँसको कालो हुक्काको ठुटे नलि समातेर टरर ... टरर ... तमाखु तान्दै धुवाको मुस्लो आकासतिर फाल्न थाले । कालो हुक्काबाट निस्किएको सेतो धुवाले नैतिकताको ख्यालै नगरी तछाड मछाड हुँदै, खुला आकासमा स्वतन्त्र रुपले उड्न थाल्यो । सूर्यको खिरिलो किरणमा उडेको धुवा, अस्वभाविक आकार प्रकारमा नैतिक बिहिन थियो । हुन पनि सत्य हो, धुवामा पनि केको नैतिकता ?! आजा भोलिका मानिसहरुले त, नैतिकताको ख्यालै गर्न छाडिसक्यो ! नैतिकता हराए पछि मानव समाज पथ भ्रष्ट हुन्छन् । यसबाट हत्या, हिंसा, बलात्कार, लुटपाट, अनैतिक, आतंक र भ्रष्टचार मौलाउदछन् । 'चिङयान' गाउँको बिद्यमान अवस्था पनि हुबहु यस्तै थियो । यही बिषयले उनलाई भतभति पोलेर खपि नसक्नु भैरहेको थियो । जटिल परिस्थितिको कालो बादलले उनलाई चारैतिर घेरिसकेको थियो । तै पनि, उनी धैर्य र बिवेक प्रयोग गरी, यही बिक्राल सामाजिक समस्या भित्रैबाट समधानको उपाय खोज्ने प्रयासमा दिनरात चुर्लुम्म डुबिरहेको थियो ।

हैन, आजाभोलि तपाइँलाई के रोग लागेको छ कुन्नि ? छिनछिनमा झोक्रिने, कहिले कही एकदमै गम्भीर र एकाग्र भएर टोलिरहेको मात्र देख्दछु । खुरुखुरु तमाखु नतानेर ? छ्याँउस्योले बाटुली आँखा घुमाउदै टोक्यो । चित्त नबुझेको सवालमा लोग्नेको बानी व्योहरामा टोक्ने त, श्रीमतीको मौलिक अधिकार नै हो । यसलाई अन्यथा लिन पनि हुँदैन । फेरी पनि यसलाई सकारात्मक पक्षमा हेर्ने हो भने, कर्तव्य पालन पनि भन्न सकिन्छ । उनले त्यही परिधिभित्रको मौलिक अधिकार उपयोग गरिन् ।

'अहा ! तमाखु त, असाध्यै स्वादिलो पो रहेछ नि !'

'लौ हेर न, प्रसंग कहाँबाट कहाँ पुऱ्याउनु भयो ?' प्रसंग बदल्न र धुमाउन त, केही बेरै लाग्दैन बा ! यो तमाखु अस्ति कटुवाल नलुँले ल्याएको होइन र ! नाउँ लिने बित्तिकै उ, कटुवाल नलुँ पनि टुप्लुक्क आइपुग्यो, छ्याँउस्योले आँखा घुमाउदै भनिन् ।

कटुवाल नलुँ, कान्छी श्रीमती स्याँउस्योपट्टिको जेठो छोरा थियो । समय र परिस्थिति अनुसार सामाजिक मान, सम्मान, आदार, सत्कार, नैतिकता, औपचारिकता र मित्तव्यापिता अपनाउन उनका अठार भाइ छोराहरु मध्ये कटुवाल नलुँ बालक कालदेखि नै असाध्यै माहिर र चतुर थियो । त्यसैले, उनलाई नै 'स्यार्बो'को जिम्मेवारी सुम्पेको थियो । गाउँ घर वा समाजमा सामाजिक व्यस्थाको खटन पटनमा सूचना प्रवाह गर्ने, जनसम्पर्क गर्ने वा गराउने, व्यक्ति विशेषको पहिचान, चियो, चर्चो गर्ने र कुलपतिको

अटुट सम्पर्कमा रहेर उनको निर्देशन र चाहना बमोजिक काम गर्नु पर्ने ‘स्यार्बो’को पदिय दायित्व रहन्थ्यो । सानो पदमा रहेर पनि आन्तरिक हैसियतमा उनी सबै भन्दा प्रभावशाली रहन्थे ।

यसै सिलसिलामा एका बिहानै कुलपति ज्याँबरु र छ्याँउस्यो आमालाई छ्याजालो भन्दै दुइ हात जोड्दै भट्भटाउँदै प्रणाम गर्दै सिर निहुराउदै ढोग्न आइपुगे । यो उनको कुटनीति भित्रको सिष्टता थियो ।

‘हैन, आफ्नो मातापितालाई पनि अन्य मानिसलाई झै केको चिप्लो घसिरहनु पर्ने होला,’ छ्याँउस्योले मुख बङ्ग्याउँदै भनिन् ।

‘तपाइँको कुरा सत्य हो माता ।’ पारिवारिक सम्बन्धमा तपाइँहरु मेरो माता र पिता हुन् । तर, सामाजिक शिष्टता, मानसम्मान, पारिवारिक स्तर, आदार, सत्कार, भातृत्व, मैतृत्व औपचारिकता र मित्तव्यापिताको उपयोग कहाँ, कहिले, कसलाई कसरी गर्ने भन्ने बारेमा सभ्य परिवारका प्रत्येक सदस्यहरुमा जानकारी हुन आवश्यक हुन्छ । यही शिष्टता सामाजिक सभ्यताको विशेष पहिचान पनि हो । पिताजीले हामीलाई यही शिक्षा दिनु भएको छ । बास्तवमा हामीहरुले बुझ्नु पर्ने कुरा के छ भने, हाम्रो पिता ज्याँबरु च्यनको व्यक्तित्व भित्र बिकास भएको असाधारण प्रतिभा हाम्रो परिवारका धेरै सदस्यहरुले अझसम्म पनि राम्रारी बुझिसकेका छैनन् । उनी हाम्रो मात्र पिता होइनन् । उनी त, ‘कुकोँलिँम्हार’ अर्थात कैलाश क्षेत्र कै साझा पिता हुन्

। उनले यस क्षेत्रलाई दिगो शान्ति र समृद्धिका लागि “सामाजिक समानता र सह-अस्तित्वको लागि साझा अवधारणा” भन्ने अभियान नै चलाउनु भएको थियो । तर, यहाँका घुमन्ते, फिरन्ते समाजले उनको दूरदर्शितालाई राम्ररी बुझ्न सकेनन् । परिणाम, उनी एक्लो बृहस्पति साबित भयो ! यहीनिर हाम्रो समाज चुकेको छ । कुनै समय आभाव खट्किने छ । परिस्थिति एकनास हुँदैन भन्छन्, नलुँले कुरा चपाउदै भन्यो ।

बास्तवमा शासक हुन वा शासित बर्ग । प्रशंस र निन्द सुनेर ‘खुसि वा दुःखि’ हुने त मानविय स्वभाव नै हो । त्यसैले हुन सक्दछ, कुलपति ज्याँबरु च्यनको च्याउरिएको अनुहारमा पनि पटक पटक उज्यालो हुने र हराउने भैरहेको थियो । निधारमा कोरिएको मोटोमोटो रेखाहरु भित्र दबिएको प्रश्न, उत्तेजना, हर्ष र बिष्मतका जोड घटाउका कारणहरु जान्न र पढनका लागि प्रयत्न गरिरहेको थियो । तर, मूल प्रशंगको गाँठो के हो ? कहाँ थियो ? कहाँ अल्झिएको थियो ? यो कुराको अझै लख काट्न सकिरहेको थिएन । यही विषयको चुरोमा, कटुवाल नलुँ चिन्तित् थिए ।

ज्याँबरु घुक्क घुक्क गरेर दुइ पटक खोके । हुक्काको लामो सर्को तान्दै नलुँतिर तेर्साए । अनि मुख चपाउदै ‘चिङयान’ गाउँको ताजा हालखबर के छ ? कहाँ के भैरहेको छ ? कुलपतिले कटुवाल नलुँलाई सोध्यो ।

घुमन्ते, फिरन्ते र भ्रष्ट समाजमा अरु के हुनु नि ! हत्या, हिंसा, आतंक, बलात्कार, लुटपाट, आतंक, मारामार र त्रासित बातावरणमा महापरिवारका सदस्यहरु आधा पेट खाएर बाँच्न बिवस भएका छन् । कुलपतिबाट के कस्तो निर्देशन हुन्छ ? सबैले कान ठाडो गरेर बसेका छन् । साथमा तपु र कबो पनि आएका छन्, नलुँले भन्यो ।

'दुबैलाई यही बोलाउ,' ज्याँबरुले भन्यो ।

'दुबै छोराहरु आए,' बालाई ढोगेर छेउमै बसे ।

नलुँले हुक्काको नली आदारसाथ तपुतिर तेर्साए । तपुले पनि दुइ सर्को तानेर कबोलाई दिए । कबोले चिलिमको आगोलाई पुनः तताएर सिरिखरी तानेर चिलिम झारेर थान्काए । त्यसबेला यही चलन थियो ।

'हेर तपु, कबो र नलुँ,' मेरो सम्पूर्ण उर्वरा समय 'बर्ग संघर्ष'को अभियानमै बित्यो । यस दौरान चोग म्हिपोँ अपांग भए । 'चिङयान' गाउँमा उन्नति र प्रगतिको त कुरै नगरौ । धित मर्ने गरी, एक पेट खाना पनि धौधौ भएका छन् । अब, छोराहरु सबै पाको भैसक्यो । तिमीहरुकै आड भरोसा, पाखुराको बल र सुझाव अनुसार नयाँ रणनीति तैयार गर्ने समय भैसक्यो ज्याँबरुले तीनै जना छोराहरुलाई तिखो नजर जमाउदै पूर्ण भरोसाकासाथ पहिलो पटक मनको कुरा एक साथ खोल्यो ।

'यो बर्ग संघर्षको अर्थ के हो ?' नलुँले सोध्यो ।

यो बर्ग भनेको 'धनी र गरीब'को समूह हुन् । संघर्ष भनेको दुइ समूहकोबीचमा हुने असमान सामाजिक मुल्य

र मान्यताको बिभेदकारी खाल्डो र दूरी हो । यो बर्गको बास्तविक आकार अर्धचन्द्रमाको अवस्थामा परिकल्पना गर्न सकिन्छ। माथिल्लो घेरामा रहेका सिमित मानिसहरुले मात्र तल्लो सतहमा रहेका बहुसंख्यक जमात माथि भाषा, साहित्य, परम्परा, संस्कार, संस्कृति, सामाजिक व्यवस्था र राज्य प्रणालीको नाउँमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा एक छत्र शासन गर्दछन् । त्यही खाल्डो भित्र उब्जिने बिभेदलाई सामाजिक असमानता र दूरीलाई 'तरलता' भनिन्छन् । 'तरलता' भनेको सर्वसाधारण जनसमूहको अविराल श्रमबाट तरङ्गित हुने अदृष्य उर्जा हो। यो उर्जा, अत्यन्तै संवेदशील हुनकासाथै दष्टि बिहिन अवस्थामा हुन्छन् । जस्ले उद्योग गर्न सक्यो, बिना सर्त त्यतैतिर ढल्किने, टाँसिने वा आकर्षण हुने यस्को प्राकृतिक स्वभाव हुन्छन् । बर्गिय हितका लागि सामाजिक परिवर्तन र समानुपातिक सिद्धान्तको आधारमा श्रोत, साधन र तरलताको बाँड फाँड गर्नका लागि सामाजिक उद्योग र व्यवसाय गर्न मैले पनि धेरै प्रयत्न र अभियान चालेँ । जुन अवस्था तिमीहरुकै अगाडि छन्। तर, यहाँका धनीमानी भनिएका अधिनायक-वादी चरित्र भएका घुमन्ते र फिरन्ते समूहका तथाकथित नाइकेहरुको नाइके भनिने दोर्जे भोटेले मेरो बिरुद्धमा भ्रमको खेती गरी, कपोल कल्पित झुठो अभियोग लगाए । षड्यन्त्र र छलकपटद्धारा बिपरित धारमा जनमत तयार गरी मेरो सामाजिक उद्योगहरु सधै ओझेलमा पार्यो । कैयोन पटक लुटपाट, हत्या, हिंसा र आतंक फैलायो ।

तिमीहरुको डोल्मा फुपू अत्यन्तै सुन्दरी थिइन् । त्यही सुन्दरी हुनुको कारणमा, 'दोर्जे भोटे'ले उनको अपहरण गर्यो । अपहरण गरी भाग्दा, वेगमा कुदिरहेको घोडाबाट खसेर पछाडिबाट आइरहेका घोडाहरुको जमातको टपले कुल्चेर आइया ! पनि भन्न नपाइ उनको मृत्यु भयो । उनको 'सुन्दरता' उनको लागि श्राप बन्यो ! मेरो पाको अनुभवमा प्राकृतिको अदृष्य नियममा सुन्दर बस्तुको प्रत्येक आयम अल्पायु हुँदोरहेछ । म र म्हिपोँले पछ्याउदै जाँदा, छियछिया भएको बिभत्सव लाश मात्र भेटियो । जुन घटना तिमीहरुले पनि थाहानै छ । यस्ता यस्तै घृणित धट्नाहरुको दु:खत परिणामले गर्दा, कमाउनु भन्दा, दुगुणा गुमाए । मेरो अठार भाइ छोराहरु हुर्केको देखेर हाम्रा बिपक्षीहरु हच्किएका छन् भन्ने कुराको संकेत केही समयदेखि हाम्रो गोठ सुरक्षित भएबाटै बुझ्न सकिन्छ ।

अब, सावधान ! हाम्रो कमजोर भागमा प्रहार गर्ने उनीहरुको कुटिल दाउ पेच त, छदै छ नि ! त्यसैले, हरेक कदममा सावधानि अपनाउनु आवश्यक रहन्छ । हुर्किएका जवान छोराहरु र भाइहरुको आड भरोसामा सही समयको उपयोग गरेर शोसन रहित समाजको परिकलपना गर्न सकिन्छ भन्ने कुरामा, मैले कत्ति पनि हार मानेको छैन ! निरन्तर प्रयास हुन आवश्यक छ । सफल र असफल भन्ने कुरा त, एउटै सिक्काको दुइ पाटा हुन् । यसका लागि सही समय, स्थान, जनशक्ति र लक्षित बिन्दुमा कठोर प्रहार एकसाथ हुन सकेमा मात्र सिक्काको पाटा पल्टाउन

सकिन्छ । यसबाट 'बर्ग संघर्ष'को अभियानमा चाहे जस्तो आकार प्रकार दिन सकिन्छ । प्राकृतिको यो अटल नियमलाई 'पर्ख र हेर' भन्ने मन्त्रलाई आत्मसाथ गर्नु पर्छ । समय र परिस्थितिको सही पहिचान हुन सकेन भने, उपलब्धिको सट्टा बिनास पनि हुन सक्दछ ।

यो बर्ग संघर्षको अभियान मानव जातिको उत्पति संगसंगै भएर आएको देखिन्छ । परिवर्तित समयको माँग र आवश्यकता अनुसार सामाजिक अवस्था र बस्तु बाजारको आकार प्रकारमा भिन्नता देखिए तापनि मूल सार भनेको 'तरलता'लाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा शोसन गरेर आफु मात्र धनीमानी बन्ने, गरीब र गरिबी समूह माथि एकाधिकारको शासन गर्ने । यो प्रकृया हिजो पनि थियो । आजा पनि छन् र भोलि पनि निरन्तर रहिरहने छन् । यो प्रकृया त, मानव समाजको नियमित बिकासक्रम हो । 'धनी र गरीब'कोबीचमा सबै स्थानहरुमा कुनै न कुनै रुपमा यसको प्रभाव भैरहन्छन् । यदि 'बर्ग संघर्ष'ले समाजमा बिराम लियो भने, सामाजिक बिकासको सम्पूर्ण प्रकृया शिथिल हुन्छ । अवरुद्ध हुन्छ । प्रलय हुन्छ । *****